चिचिला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिचिला, संखुवासभा
१ नं. प्रदेश, नेपाल

सूची दर्ता गर्ने सम्बन्धी सूचना
(प्रथमपटक प्रकाशित मिति २०७५/०४/०४)

**सूचना नं. १/०७५/०७६**

यस कार्यालयको लागि आ.व. ०७५/०७६ का लागि आवश्यकता भएका बखत मालसामान वा सेवा खरिद गर्नु पर्ने भएकोले तपसिलमा उल्लेख भए बमोजिमका मालसामान तथा सेवाहरु उपलब्ध गराउन इच्छुक फर्मले फर्म दर्ता/नविकरण भएजको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर तथा मूल्य अभिवृद्धि करमा दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७४/०७५ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि सहित कार्यालय समय भित्र यस कार्यालयमा रु. १०।- को टिकट अनिवार्य रुपमा टाँस गरी प्रत्येक समूहका लागि छुट्टाछुट्टै मौजुदा सूचीमा दर्ता हुनका लागि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) नियम १८ बमोजिम निरन्तर सूचिकृत हुने सक्ने व्यवस्था भएकाले इच्छुक फर्महरुले सूचिकृत हुन निवेदन तोकिएको ढाँचा (सार्वजनिक खरिद नियमावलीको अनुसूची २) मा निवेदन दर्ता गराउनुहुन अनुरोध छ। साथै, रित नपुगेका र निवेदनहरु सूचिकृत नहुने व्यहोरा समेत जानकारी सहित यो सूचना कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सूची दर्ता गराउन सकिने कार्यालयहरु:-**

१. गाउँ कार्यपालिकाको कार्यालय, चिचिला, संखुवासभा

**(क) खरिद तथा आपूर्ति**

१. मसलन्द तथा कार्यालय सामानहरु
२. कम्प्युटर, प्रिन्टर, फोटोकपी, फ्याक्स, युपिएस तथा इलेक्ट्रोनिक्स सामान/पाटपूर्जा/टोनर/मसी सप्लाई
३. इलेक्ट्रिकल सामानहरु
४. छपाई सम्बन्धी कार्य
५. फर्निचर तथा फर्निसिङ्ग र मर्मत
६. पिउने पानी (बोतल/जार)
७. सवारी साधनको पार्टपूर्जा
८. पत्रपत्रिकाकहरुको आपूर्ति
९. कुरियर सेवा
१०. सवारी साधन भाडामा लिने सम्बन्धी कार्य
११. धारा बाथरुमका सामानहरुको आपूर्ति
१२. इन्धन आपूर्ति(पेट्रोल/डिजेल/मट्टितेल)
१३. मोटरसाइकल आपूर्ति

**(ख) मर्मत तर्फ**

१. कम्प्युटर, ल्यापटप, फोटोकपी, फ्याक्स, प्रिन्टर, एवं इलेक्ट्रोनिक सामानहरु
२. मोटरसाइकल, कार, जिप, भ्यान

३. दराज, कुर्सी, टेबल, एवं. फर्निचर सम्बन्धी सामानहरु

४. भवन भित्र साना तिना पार्टिशन एवं मर्मत कार्यहरु

**(ग) सेवा र परामर्श सेवा तर्फ**

१. कम्प्युटर/ सूचना प्रविधि सम्बन्धी तालिम

२. सफ्टवेयर निर्माण/ईमेल/ईन्टरनेट/एसएमएस आपूर्ति सम्बन्धी सेवा

३. भवन तथा परिसर सरसफाई

४. तालिम गोष्ठी सञ्चालन गर्ने

५. विज्ञहरुको परामर्श सेवा

**(घ) खाद्यान्न तर्फ**

१. खाजा प्याकेट

२. लन्च डिनर

**निवेदन साथ पेश गर्नुपर्ने कागजात (योग्यताका आधारहरु)**

१. सम्बन्धित क्षेत्रमा काम गर्न फर्म दर्ता नवीकरण भएको प्रमाणपत्रको छायाँप्रति

२. स्थायी लेखा नम्बर र मु.अ.करमा दर्ता भएको प्रमाणपत्रको छायाँप्रति

३. मु.अ. करमा दर्ता हुनुपर्नेको हकमा सोको आधिकारिक कागजातको छायाँप्रति

४. आर्थिक वर्ष २०७४/०७५ को कर चुक्ता प्रमाणपत्रको छायाँप्रति

५. पेशागत कसुरमा कुनै सजाय पाए वा नपाएको व्यहोराको लिखित जानकारी

**अन्य जानकारीहरु**

१. रीत नपुगी आएका वा आवश्यक कागजात नभएका दरखास्तहरु सूचिकृत गर्न चिचिला गाउँ कार्यपालिकाको कार्यालय बाध्य हुने छैन ।

२. सूचिकृत भएका व्यक्ति, फर्म वा कम्पनीको सेवा सन्तोषजनक नभएमा मौजुदा सूचीबाट हटाउन सकिनेछ ।

३. सूची दर्ता गराउन चाहने, व्यक्ति, फर्म, कम्पनी प्रचलित कानून अनुसार योग्य भएको हुनुपर्नेछ ।

४. सूचिकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ।

२०७५।०४।१८

रेठबु चाम्लिङ राई
प्रमुख प्रशासकीय अधिकृत